# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५७)काठमाडौं, असार २२गते २०६४साल(अतिरिक्ताङ्क १५(क+१

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी **Tilganga Eye Center** का लागि दातृ संस्था **The Fred Hollows Foundation** बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २०,७४३.०० (बीस हजार सातसय त्रियालीस) मूल्य बराबरको मेडिकल उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी मनमोहन मेमोरियल अस्पताल, ठमेल, काठमाण्डौले जापानी येन ३१,००,०००.०० (एकतीस लाख) मूल्य बराबरको **X-Ray Machine** आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ अन्तगंत समूह ११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले Korea International Co-Operation Agency(KOICA) बाट खरीद गरेको रू. ३१,६०,६७८।७५ (एकतीस लाख साठी हजार छ सय अठहत्तर, पैसा पचहत्तर) मूल्य बराबरको प्रिन्टर र अन्य सामानमा लागेको मूल्य अभिवृद्धि कर रू. ४,१०,७०७।९७ (चार लाख दश हजार सात सय सात, पैसा सन्तानब्बे) Korea International Co-Operation Agency (KOICA) लाई फिर्ता दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं.१६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।